स्थानः बैठक कक्ष

आज मिति २०८२/०६/३१ गतेका दिन सन्धिखर्क नगरपालिका नगर कार्यपालिकाको बैठक सन्धिखर्क नगरपालिकाका नगर प्रमुख श्री कृष्ण प्रसाद श्रेष्ठको अध्यक्षतामा देहायका पदाधिकारीहरुको उपस्थितिमा वसी देहाय बमोजिमका निर्णय गरियो।

आर्थिक वर्ष २०८२/८३ कार्यपालिका बैठक संख्याः ०३ (तेस्रो)

| क्रम संख्या | पद | नामथर | हस्ताक्षर |
|---|---|---|---|
| १. | अध्यक्ष | श्री कृष्ण प्रसाद श्रेष्ठ | |
| २. | सदस्य | श्री मिश्रा आचार्य | |
| ३. | सदस्य | श्री माधव श्रेष्ठ | |
| ४. | सदस्य | श्री मोतिजङ्ग रायमाझी | |
| ५. | सदस्य | श्री जम्शेर मियाँ | |
| ६. | सदस्य | श्री कृष्ण प्रसाद श्रेष्ठ | |
| ७. | सदस्य | श्री ऋषव अधिकारी | |
| ८. | सदस्य | श्री श्रीधर महत्रा क्षेत्री | |
| ९. | सदस्य | श्री चुरा बहादुर के.सी | |
| १०. | सदस्य | श्री हुम प्रसाद बन्जाडे | |
| ११. | सदस्य | श्री पदम बहादुर भुसाल | |
| १२. | सदस्य | श्री मोहन सिंह ठकुरी | |
| १३. | सदस्य | श्री चेत नारायण आचार्य | |
| १४. | सदस्य | श्री नारायण खड्का | |
| १५. | सदस्य | श्री सीता बस्नेत | |
| १६. | सदस्य | श्री लिला भुसाल | |
| १७. | सदस्य | श्री कृष्णा भुसाल क्षेत्री | |
| १८. | सदस्य | श्री शारदा परियार | |
| १९. | सदस्य | श्री मान बहादुर सुनार | |
| २०. | सदस्य | श्री सुरज वि.क. | |
| २१. | सदस्य | श्री बसन्त नेपाली | |
| २२. | सचिव | श्री खिमानन्द भुसाल | |

CamScanner

मितिः २०८२/०६/३१
आर्थिक वर्ष २०८२/८३ बैठक सङ्ख्या ३

निर्णयहरु

३.१ सन्धिखर्क नगरपालिकाको क्षेत्राधिकार भित्र पर्ने बाँगी र सन्धिखर्क नगरपालिका र छत्रदेव गाउँपालिकाको सिमाना भएर बग्ने जरेखोलाको नदीजन्य पदार्थ उत्खनन् सङ्कलन र बिक्री वितरण सम्बन्धमा मिति २०८२/०५/२६ मा कार्यपालिका बैठकबाट भएको निर्णय कार्यान्वयन भएको पाइयो,

३.२ सन्धिखर्क नगरपालिका स्थित अर्घा नरपानी बहुउद्देशीय कृषि फार्म प्रालि सन्धिखर्क -१ ,आशापुरी अर्गानिक प्रालि, जनता एग्रो एण्ड फरेष्ट्री लिमिटेड र सन्धिखर्क नगरपालिका वडा नं १ निवासी बाबुराम भुसाल र गिता के.सी बिच भएको सम्झौतापत्र र कम्पनी रजिष्ट्रर कार्यालयबाट कम्पनीको शेयरलगत अध्यावधिक भएको विवरण संलग्न राखी सन्धिखर्क नगरपालिका वडा नं १ निबासी श्री बाबुराम भुसालको नाममा सन्धिखर्क ६ मा रहेको कित्ता नम्बर २७९ आशापुरी अर्गानिक प्रालिको नाममा, निज बाबुराम भुसालकै नाममा रहेको कित्ता नम्बर ५७२३ र ५७२४ र सन्धिखर्क नगरपालिका वडा नं १ निवासी श्रीमति गिता भुसालको ६ नम्बर वडामा रहेको कित्ता नम्बर ५७२१ को जग्गा अर्घा नरपानी बहुउद्देश्यीय कृषि फार्म प्रालिको नाममा रजिष्ट्रेसन पास गर्ने प्रयोजनका लागि राजस्व छुटका लागि सिफारिस हुन भनी लिने/ दिने बिच भएको सम्झौता बमोजिम उल्लिखित जग्गाहरु आशापुरी अर्गानिक प्रालि र अर्घा नरपानी बहुउद्देश्यीय कृषि फार्म प्रालिको नाममा रजिस्ट्रेसन गर्दा लाग्ने दस्तुर लुम्बिनि प्रदेश सरकारको आर्थिक ऐन २०८२ को दफा २ को उपदफा १ सँग सम्बन्धित अनुसूची-१ को खण्ड (घ) को विविध तर्फ सि.न २ मा रहेको व्यवस्था बमोजिम रजिस्ट्रेसन दस्तुर छुट दिन मालपोत कार्यालय अर्घाखाँचीमा सिफारिस गर्ने,

३.३ मिति २०८२ भाद्र २४ गतेका दिन Gen-Z को आन्दोलनका क्रममा २ नम्बर वडा कार्यालयको कार्यालय भवन फर्निचर तथा फर्निचर फिक्चर्स समेतका सामानहरु तोडफोड गरी कार्यालयका स्रेस्ताहरुमा आगजन गरी बढी क्षति भएको साथै जिल्ला समन्वय समितिको भवनमा सञ्चालनमा रहेको १ नम्बर वडा कार्यालयको भवन र नगर कार्यपालिकाको कार्यालय भवनमा समेत आंशिक क्षति भएकोले उल्लिखित भवनहरुमा मर्मत सम्भारको कार्य अगाडि बढाउने, साथै नगर कार्यपालिकाको कार्यालयका प्रशासकीय भवन र कार्यालय अन्तरगत रहेका वडा कार्यालय भवन र उल्लिखित भवनभित्र रहेका फर्निचर फिक्सचर्सहरु समेतको बिमा गर्ने व्यवस्था मिलाउने र सोको लागि नगरपालिकाले मिल्दो शीर्षकबाट स्रोत व्यवस्थापन गर्ने गरी श्रोत सुनिश्चित गर्ने,

३.४ सङ्घीय अर्थ मन्त्रालयको पत्रसङ्ख्या २०८२/८३ चलानी नम्बर ११८ मिति २०८२/०६/०७ को पत्रबाट अनुत्पादक खर्च कटौती तथा मितव्यीता सम्बन्धमा विषयकपत्र बैठकमा प्रस्तुत भइ जानकारी हासिल भयो । उल्लिखित विषयमा सन्दर्भमा प्राप्त निर्देशन बमोजिम कार्यान्वयन गर्ने गराउने,

३.५ नगरपालिका भित्र निर्माण हुने निजी आवासीय भवनहरुको नक्सा Drawing designs (Architect designs,) गर्दा कन्सल्टेन्सीहरुले लिने दररेटमा एकरुपता कायम गर्न देहाय बमोजिम हुने गरी अधिकतम दर कायम गर्ने ,



CamScanner

तपसिल

(१) १ तला सम्म रु ७०००।

(२) १ तला देखि २.५ तला सम्म रु १२०००।

(३) ३ तला वा सो भन्दा माथि रु १८०००।

३.६ सन्धिखर्क नगरपालिकाको क्षेत्राधिकार भित्र पर्ने बाँगी र सन्धिखर्क नगरपालिका र छत्रदेव गाउँपालिकाको दोसाँधबाट बग्ने जरेखोलाको नदीजन्य पदार्थ बिक्रीका लागि मिति २०८२/०६/१२ गतेका दिन प्रकाशित सूचना बमोजिम ठेक्का नम्बर २/२०८२/८३ बाट बाँगी खोलाको बिभिन्न बगरघाट क्षेत्र बिन्दुबाट ७१५२.४ घनमीटर नदीजन्य पदार्थ उत्खनन् सङ्कलन तथा बिक्रीका लागि रु १५,१५,३०७ ।(कर बाहेकको) न्यूनतम अङ्क कायम गरी विद्युतीय सिलबन्दी दरभाउपत्र माग गरिएकोमा उक्त खोलाको नदीजन्य पदार्थ उत्खनन् सङ्कलन तथा बिक्रीका लागि रु १८,२०,८९२.७१ (कर बाहेक) मा बढाबढ भइ आएको विषय बैठकमा प्रस्तुत भइ जानकारी भयो ।उल्लिखित ठेक्कामा सबै भन्दा बढी अङ्क कबोल गर्ने श्री बिसन बिल्डर्स एण्ड सप्लायर्स सन्धिखर्क १ सँग सम्झौता गर्ने ।साथै ठेक्का नम्बर ३/२०८२/८३ मा ५८४५.६ घनमीटर नदीजन्य पदार्थ उत्खनन् सङ्कलन तथा बिक्रीका लागि रु १२,३६,४४८ ।करबाहेकको न्यूनतम अङ्क कायम भइ सूचना भएको ठेक्कामा कम्तीमा ३ वटा दरभाउपत्र पेस हुन नआइ पुन मिति २०८२ असोज २८ गतेका दिन सार्वजनिक सुचना प्रकाशन भएको विषय जानकारी भयो ।